# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## भिमाद नगरपालिका
## तनहुँ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

भिमाद नगरपालिका

तनहुँ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

भिमाद नगरपालिका

तनहुँ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**अनामनगर, काठमाडौं, नेपाल**

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(गण्डकी प्रदेश)

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

प.सं. २०८०।८१

च.नं. ०७ मिति : २०८१।२।१०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुख ,

भिमाद नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

तनहुँ ।

१. **कैफियत सहितको राय** – हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ५४ लाख २६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.३४ लाख ७९ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २ लाख १६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९० लाख ३६ हजार र नियमित गर्नुपर्ने रु.२६ लाख ९५ हजार समेत गरी

यस वर्ष रु.१ करोड १९ लाख ४७ हजार बेरुजू कायम रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. १ करोड १९ हजार, गत विगत वर्षहरुको बेरुजु समायोजन बाट रु.५५ लाख ६० हजार समेत रु. १ करोड ५५ लाख ७९ हजार बेरुजू बाँकी रहेको तथा सम्परीक्षणमा थप भएको ५८ हजार समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १ करोड ६७ लाख ६३ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(जयराम घिमिरे)**

**नायव महालेखापरीक्षक**

भिमाद नगरपालिका,

तनहुँ जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५१ | २१० | १५४२६ | ० | ३५ | ३४७९ | ५१ | १७५ | ११९४७ | २१६ | २६९५ | ९०३६ | ० | ० | ११७३१ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | १००१९ | ५५६० | १०८२१ | ४७६२ | ५८ | ११९४७ | १६७६३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | ६ | विपद व्यवस्थापन कोषबाट भएको खर्च नियमित गरेको । | १९८८८५ |
| २ | | ६.४ | विपद व्यवस्थापन कोषबाट भएको खर्च नियमित गरेको । | ९२४६९ |
| ३ | | १७ | चिस्यान केन्द्र निर्माणको प्रमाण पेश गरेको । | २९८९९५१ |
| ४ | | २३ | वढी भुक्तानी दाखिला गरेको । | ३६०० |
| ५ | | २७ | कार्यसम्पादन मूल्याङ्कन बैठक भत्ता दाखिला भएको । | १०२०० |
| ६ | | २८.१ | कार्यसम्पादन सम्झौता बैठक भत्ता दाखिला भएको । | ३०६०० |
| ७ | | २८.२ | कार्यसम्पादन मूल्याङ्कन समिति बैठक भत्ता दाखिला भएको । | ११०५० |
| ८ | | २८.३ | वार्षिक प्रगति प्रतिवेदन तयारी बैठक भत्ता दाखिला भएको | ३४००० |

| | | | | |
|---|---|---|---|---|
| ९ | | २१ | सामाजिक सुरक्षा भत्ता वितरणमा खर्च नियमित गरेको । | १०८२४७ |
| | **चालु वर्षको जम्मा** | | | ३४७९००२ |
| | **गत विगत वर्षतर्फको** | - | - | - |
| | **२०७८।७९** | दफा २० | खेलकुद प्रशिक्षकको भुक्तानी नियमित गरिएको । | २९६००० |
| | | दफा २० | कम्प्यूटर प्रशिक्षकको भुक्तानी नियमित गरिएको | ९७५००० |
| | | दफा २६ | अनुगमन भत्ता असुल भएको । | ३०७७०० |
| | | दफा ३२ | अवलोकन भ्रमण भत्ता असुल भएको । | ११९६५ |
| | | दफा ३४ | पदाधिकारी यातायात भत्ता असुल भएको । | ४००९५ |
| | | दफा ३५ | सामाजिक सुरक्षा भत्ता वितरण असुल भएको । | २९३१४ |
| | | दफा ३६ | फरक नम्सको प्रयोग गरेकोमा नियमित भएको । | ५७५९३६ |
| | | दफा ३८ | कृषि तथा पशु अनुदान नियमित भएको । | ३०७०२९६ |
| | | दफा ४० | वढी भुक्तानी भएको रकम असुल भएको । | १२६१०० |
| | | दफा ४६ | पोषाक भत्ता भुक्तानी असुल भएको । | २०७९०० |
| | | दफा ५९ | भेरियसन आदेश भुक्तानी असुल भएको । | ३९१६५ |
| | | दफा ६० | नन फाइलर प्रमाण पेश | ६१६६०२ |
| | | दफा ६१ | मोटर बाटो निर्माणमा वढी भुक्तानी असुल भएको | २८४३०० |
| | **२०७७।७८** | ३६.२ | परामर्शदाताको प्राविधिक मूल्याङ्कन नियमित गरेको । | ९८६४९० |
| | | ४९ | वढी भुक्तानी भएको रकम असुल भएको । | ९०२२७१ |
| | | ५२ | ट्याककोटमा वढी भुक्तानी भएकोमा असुल भएको । | १२९४९७ |
| | | ५६ | उपभोक्ताको अंक कट्टी नगरी भुक्तानी गरेको असुल भएको । | २९५९४ |
| | | ५८ | जाली तथा पाइपको नापी किताव तथा प्राविधिक मूल्याङ्कन पेश गरेको । | २१९३६०२ |
| | **गत विगतको जम्मा** | - | - | १०८२१८२७ |
| | **कुल जम्मा** | - | - | १४३००८२९ |

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल १२९ वर्ग किलोमिटर तथा २९,२४८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।०४ देखि २०८०।०९।०७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको

उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन , राजश्व , धरौटी, अन्य कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २९८६६.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| **सि.नं** | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बहाल कर (रा.वा. बैक) | १८०००.०० |
| २ | सामाजिक सुरक्षा भत्ता (मेगा बैक) | ११८६६.०० |
| | जम्मा रु | २९८६६.०० |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

२ **वार्षिक खरिद योजना/गुरुयोजना :-**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु २२,०५,९७,९१९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली बनाएको भएतापनि अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३ **दुर्घटना भएको एम्बुलेन्स मर्मतः-**

पालिकाले आफ्नो जिम्मामा रहेका सरकारी सवारी साधनको अनिवार्य रुपमा विमा गरी आइपर्ने जोखिम न्यूनिकरण गर्न पालिकाले ध्यान दिनुपर्ने हुन्छ । पालिकाले गो.भौ.नं. १२६ मिति २०७९।०८।१४ आ.ब. २०७७/०७८ मा खरिद गरिएका एम्बुलेन्सहरु मध्ये ग १ झ ५८१ नं. को एम्बुलेन्स बडा नं. ८ र ९ को क्षेत्रभित्र प्रयोग गर्नका लागि तत्कालिन

९ न. वडाका जनप्रतिनिधि र भानुमती स्वास्थ्य चौकीको ईन्चार्जको व्यवस्थापकीय समितिलाई जिम्मेवारी दिईएको, सेवा प्रवाहको सिलसिलामा उक्त एम्बुलेन्स आकस्मिक दुर्घटना भई क्षति पुगेको र नगर कार्यपालिकाको मिति २०७९/०४/२२ गतेको बैठकको निर्णय न. ९ बमोजिम यथासिघ्र मर्मत गरी संचालनमा ल्याउने भनी निर्णय भएकोमा, कार्यालयमा सो सम्बन्धी जनशक्ति अभावका कारण क्षतिको यथार्थ मूल्याकन, मर्मत खर्चको लागत अनुमान गर्न नसकिएकोले नगरपालिकामा मौजुदा सूचीमा सूचिकृत फर्मबाट दररेट माग गरि न्यून दर पेश भएका दररेटका आधारमा लालचन अटो इन्जिनियरिङ वर्कसपको विल नं ५२ मिति २०७९।०७।०३ बाट न्यू क्याविन, डेन्ट पेन्टिङ मर्मत कार्य गरी रु. ६,०९,१३८.०० खर्च गरेको देखियो । कार्यालयको भनाई अनुसार हाल उक्त एम्बुलेन्स शव बाहान कार्यमा प्रयोग भइरहको मौखिक जानकारी गराएको छ । पालिकाले दुर्घटना भएको उक्त एम्बुलेन्सको बिमा गरेको अवस्थामा विमा पोलिसी मार्फत बिमा कम्पनीले मर्मत खर्च व्यहोर्न सक्ने अवस्था सिर्जना हुने थियो । पालिकाले उक्त एम्बुलेन्सको बिमा नगरेको कारण व्ययभार बढ्न गएको अवस्था छ । एम्बुलेन्स बिमा नगरी दुर्घटनाग्रस्त एम्बुलेन्सको मर्मत कार्य गरेकोले खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,०९,१३८ |

## ४ सोझै खरिदः-

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(१) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद विधिको उल्लेख गरेको छ। सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ। नियमावलीको नियम ७ मा खरिदको गुरुयोजना नियम ८ मा वार्षिक खरिद योजना स्विकृत गराई खरिद गर्नुपर्ने व्यवस्थाहरु रहेका छन। कार्यालयले वार्षिक खरिद योजना बनाई वार्षिक खरिद योजना अनुसार एकै प्रकृतिको समाग्री खरिद गर्दा एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ ले तोकेको खरिद विधी र पक्रिया पुरा गरी खरिद गर्नुपर्नेमा सो बमोजिम नगरी पटक पटक देहाय बमोजिम खरिद गरी भुक्तानी गरेको छ। यस आर्थिक वर्षमा मसलन्द तथा कार्यालय सामानका लागी रु. ४० लाख बजेट विनियोजन भएकोमा रु. ३९३६५५१.०० बजेट खर्च भएकोमा रु. १ लाख भन्दा बढी खरिद कार्यमा सार्वजनिक खरिद ऐन र नियमावलीको व्यवस्थानुसार कार्यालयले खरिद कार्य नगरी पटक पटक खरिद गरेको देखिएकोले वार्षिक खरिद योजना बनाई प्रतिष्पर्धात्मक तरिकावाट खरिद गर्नुपर्दछ ।

| भौचर नं र मिति | विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ५६-०७९।०६।०९ | मसलन्द तथा कार्यालय सामान | शुभकामना सफ्लायर्स | ६६५४५७.०० |
| ५७-०७९।०६।०९ | मसलन्द तथा कार्यालय सामान | भिमाद अफसेट प्रेस फ्लेक्स प्रिन्ट | ७६८९९३.०० |
| २२९-०७९।१०।२२ | मसलन्द तथा कार्यालय सामान | श्री कृष्ण स्टेशनरी एण्ड सफ्लायर्स दमौली | ८४४६१८.०० |
| ३९०-०८०।०१।०५ | मसलन्द तथा कार्यालय सामान | भिमाद अफसेट प्रेस फ्लेक्स प्रिन्ट | ९७७२२४.०० |
| ५३६-०८०।०३।११ | मसलन्द तथा कार्यालय सामान | श्री कृष्ण स्टेशनरी एण्ड सफ्लायर्स दमौली | ३९३७१८.०० |

| | | | |
|---|---|---|---|
| | जम्मा रु. | | ३६,५०,०१०.००० |

५ **स्कुल बस खरिदः-**

स्वीकृत वार्षिक कार्यक्रम अनुसार बुचाखानी मा.वि.लाई बस खरिद बापत रु. १५,००,०००.०० बजेट स्वीकृत भै उक्त रकम बस खरिदको लागी विद्यालयलाई निकासा गरेको छ । बस खरिदको लागी टाटा बसको अधारीक बिक्रेता सिप्रदी ट्रेडिङलाई भन्सार छुट गरि प्राप्त गरेको बस खरिद बापत रु. २७८३०००.०० मू.अ.कर सहित विद्यालयले भुक्तानी गरेकोले सो को १.५ प्रतिशतले हुने रु. ३६९४५.०० विद्यालयले कर दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु. बुचाखानी मा.वि.लाई बस खरिद बापतसिप्रदी ट्रेडिङलाई भन्सार

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,९४६ |

६ **प्रकोप व्यवस्थापन कोष चालु तथा पूँजिगत कार्यक्रमहरुः-**

६.१

.....(*प्रारम्भिक प्रतिवेदन उपर मिति २०८१।१।२० गतेको निर्णय अनुसार रु १९८८८५ नियमित भई आएकाले सम्परीक्षण मनासिव देखि फस्र्योट गरिएको ।*)

| | |
|---|---|
| अनियमित भएको | ० |

६.२ भिमाद नगरपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन,२०७५ को (ठ) मा “विपद" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीबनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ । साथै विपद् व्यवस्थापन भन्नाले उक्त विपद् को व्यवस्थापन गर्ने कार्य हो । तर पालिकाले यस आर्थिक वर्षमा रु. ४३८५३०१.१३ खर्च गरेकोमा कच्ची मोटर बाटो ग्राबेल तथा स्तरोन्नति, पहिरो पन्छाउने, Five Extinguisher Cylinder (अग्नी प्रतिरोधक) जस्ता कार्यमा बजेट खर्च गरेको देखियो । विपद् व्यवस्थापन तथा प्रकोप व्यवस्थापन कोषको मौज्दात वृद्धि गरी भावि दिनमा आइपर्ने जोखिम न्यूनिकरण गर्नुको सट्टा निरन्तर प्रकृतिका कार्यका लागी उक्त कोषको मौज्दात खर्च गरेको अवस्था छ । केहि उदाहरण हरु निम्नानुसार रहेका छुन् । तसर्थ कोषमा मौज्दात वृद्धि गरी आगामी दिनमा आइपर्ने जोखिम न्यूनिकरणका लागी पालिकाले ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं र मिति | विवरण | भुक्तानी पाउने | रकम रु. |
|---|---|---|---|
| २-०४।१९ | वडा नं. २ अन्र्तगत रहेको मोटर बाटो मर्मत तथा स्तरोन्नती | गण्डकी कन्ट्रक्सन | २११८०३.०० |

| | | | |
|---|---|---|---|
| ३-०४।१९ | वडा नं. ४ भिमगोफा तथा माझकोट मोटरबाटो ग्रावेल तथा स्तरोन्नति | वि.आर कन्ट्रक्सन एण्ड सफ्लायर्स तनहूँ | ४०७२१७.०० |
| ५-०४।१९ | अठाइस बाउन्दी देखि शेर्का सम्म बाटो स्तरोन्नती रोडको माटो काट्ने र ग्राबेल गर्ने कार्य | विजेन्द्र कन्ट्रक्सन एण्ड सफ्लायर्स तनहूँ | २४८२०७.०० |
| ८-०४।२३ | वडा नं ७ अर्न्तगत रहेको कच्ची मोटरबाटोहरुको पहिरो पन्छाउने तथा बाटो मर्मत | विजेन्द्र कन्ट्रक्सन एण्ड सफ्लायर्स तनहूँ | ११७७७४.०० |
| १८-११।०३ | न.पा तथा अर्न्तगतका कार्यालयका लागी Five Extinguisher Cylinder (अग्नी प्रतिरोधक) खरिद | DHSS सुरक्षा प्रा.लि. | २१६९६०.०० |

६.३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा बिल भरपाई सहितको लेखा राखुपर्ने व्यवस्था छ । साथै भिमाद नगरपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन,२०७५ को (ठ) मा "विपद" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीबनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ । साथै विपद् व्यवस्थापन भन्नाले उक्त विपद् को व्यवस्थापन गर्ने कार्य हो ।पालिकाले निम्नानुसार ग्याविन जाली खरिदका लागी कार्यपालिकाले मिति २०७९।१२।२१ को निर्णय नं ३, र ह्यूम पाइप खरिदका लागी मिति २०८०।०२।०४ को निर्ण नं १३ बाट खरिद गर्ने निर्णय गरी क्रमशः मू.अ.कर सहित रु. ९९५६९५.०० र ९९६२०८.०० विपद् व्यवस्थापन कोषबाट रु.१९,९१,९०३.०० खर्च लेखेको देखियो । पालिकाको क्षेत्र भित्र आइपर्ने यस्ता प्रकृतिका कार्यका लागी बजेट तथा कार्यक्रम तयार गरी प्रभावकारी र मितव्ययी ढङ्गले खर्च गर्नुपर्दछ । ग्याविन जाली र ह्यूम पाइप खरिद गरी रु.१९,७९,७६९.०० को ग्याबिन जाली र ह्यूम पाइप वितरण गरेकोमा लेखापरीक्षणको अवधि सम्म नापी किताब प्रमाण पेश भएको छैन् । उक्त खरिद नापी तथा कार्य कार्य मूल्याङ्कनको प्राविधिक प्रतिवेदन पेश हुनुपर्ने रु.

| गो.भौ.नं र मिति | विवरण | परिमाण | दर मू.अ.कर समेत रु. | खरिद रकम रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| २४-०८०।०२।०९ | अनुष कन्ट्रक्सन एण्ड सफ्लायर्स प्रा. लि बाट ग्याबिन जाली खरिद २*१*१ | २७७२ घ.मि | ३५४.८२ | ९८३५६१.०४ | ९८३५६१.०४ |
| २७-०८०।०२।२३ | एबी निर्माण सेवा बाट ह्यूम पाइप खरिद NP3 45 cm ढुवानी समेत | १६ पिस | १४२३८.०० | २२७८०८.०० | ९९६२०८.०० |
| | एबी निर्माण सेवा बाट ह्यूम पाइप खरिद NP3 60 cm ढुवानी समेत | ४० पिस | १९२१०.०० | ७६८४००.०० | |
| | जम्मा रु. | | | | १९,७९,७६९.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,७९,७६९.०४ |

६.४ *....(प्रारम्भिक प्रतिवेदन उपर मिति २०८१।१।२० गतेको निर्णय अनुसार रु ९२४६९ नियमित भई आएकाले सम्परीक्षण मनासिव देखि फस्यौट गरिएको ।*

| | |
|---|---|
| अनियमित भएको | ० |

७ **लागत सहभागिता;-**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

८ **लागत सहभागीताको लेखाङ्कनः-**

लागत सहभागीतामा संचालन हुने योजनामा उपभोक्ता समितिको लागत सहभागीताको रकम ७० प्रतिशत र ३० प्रतिशतको अंश नगरपालिका र उपभोक्ताले व्यहोरेको अवस्थामा लागत सहभागीताको रकम नगरपालिकाको खातामा जम्मा गरि वास्तविक मूल्याङ्कनको आधारमा उपभोक्ता समितिलाई भुक्तानी गरेको हुन्छ । लागत सहभागीताको रकम लागत ३० प्रतिशत व्यहोर्ने भएता पनि नगरपालिकाको खातामा नआउँदा योजनामा वास्तविक खर्चको लेखाङ्कनमा लागत सहभागीताको अंश नआउने रु. ३४८२२९०.०० पूँजिगत खर्चको सहि लेखाङ्कन नहुने अवस्था देखिएको छ । तसर्थः वावस्तविक खर्चको लेखाँकन हुने गरी खर्च व्यवस्थापन गर्नुपर्दछ ।

| भौ.नं र मिति | योजनाको नाम | सम्मपन्न रकम | न.पा.को योगदान | जनश्रमदान |
|---|---|---|---|---|
| ४७०, २०८०।०२।२५ | बाँदर कुना कुलो निर्माण योजना उ.स | ४८६२०४.०० | ३३१६९२.०० | १५४५१२.०० |
| ५०७, २०८०।०३।०३ | भिम भसार डाँडा मोटरमार्ग स्तरोन्नती उ.स. | १३७९८०४.०० | ९५०७२२.०० | ४२९०८२.०० |
| ५१२, २०८०।०३।०५ | परियार सेवा समाज उ.स भिमाद ६ | ९२५४०५.०० | ६४७७७३.०० | २७७६३२.०० |
| ५१८, २०८०।०३।०५ | प्रगतिशिल सामुदायिक भवन उ.स., भिमाद ९ | ८१०५०९.०० | ५६७१०९.०० | २४३४००.०० |
| ६०१, २०८०।०३।२१ | पिरुङ डाँडा थोक मन्दिर निर्माण उ.स. | १६६७४३५.०० | १०६८०९९.०० | ५९४९३५.०० |
| ५२७, २०८०।०३।०६ | चिन्नेखोला खानेपानी सरसफाई योजना उ.स | ४२२६२०.०० | २९५४९५.०० | १२७१२५.०० |
| ५६७, २०८०।०३।१८ | राङरुङ परियार समाज ट्रष्ट भवन निर्माण उ.स | ३७२७९६.०० | २४२९५४.०० | १२९०४७.०० |

| | | | | |
|---|---|---|---|---|
| ५९४, २०८०।०३।२१ | सत्यदेवी गुरुङ समाज भवन निर्माण उ.स | ८६५०८५.०० | ५८५०००.०० | २८००८५.०० |
| ५९५, २०८०।०३।२१ | जलौदी सिम्बोट कल्याणकारी आमा समुह | ६९९९७३.०० | ४८७५००.०० | २१२४७३.०० |
| जम्मा रु. | | ७६२९८३१.०० | ५१७६३४४.०० | २४४८२९१.०० |

## ९ लागत अनुमान र वास्तविक कामः-

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सोही नियमावलीको नियम ५१ बमोजिम डिजायन, आवश्यकताको आधार समेत लिइ लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । भौ.नं १५४ मिति २०७९।११।११ बाट न.पा.वडा नं ६ स्थित शिव पँचायन जाने बाटोको सिढी तथा रेलिङ निर्माण योजनाको लागी रु. ५४३३७३.०० लागत अनुमान गरि न.पा.ले रु. ४८७५००.०० (८९.७०%) र जनश्रमदान रु. ५५८७३.००(१०.३०%) व्यहोर्ने उल्लेख छ । कार्य सम्पन्न प्रतिवेदन अनुसार निम्न आइटमहरुमा लागत अनुमान संशोधन बेगर ल.ई अनुसार गर्नुपर्ने कार्य नगरेको र लागत अनुमानमा नएको कारय गराएको देखियो । उपभोक्ता समितिको भेला समेत गराई लागत अनुमान संशोधन गराई कार्य गर्नुपर्नेमा उपभोक्ताको समेत सहभागीतामा अनुमान संशोधन बेगर गरिएको खर्चले वास्तविक रुपमा उपभोक्ताको आवश्यकता सम्वोधन हुन नसक्ने हुनाले खर्च रु. ३६४१८७.०० नियमित नभएको रु.

| आइटम नं | कामको विवरण | परिमाण | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ६ | १:४ को सिमेन्टमा ढुङ्गाको गारो लगाउन, | १९.३५घ.मी | ९४३२.९६ | १८२५२७.०० | ल.इ. भएको कार्य नगराएको |
| ७ | प्लम कंक्रिटको काम | २०.१० घ.मी. | ९०३७.८६ | १८१६६०.०० | ल.इ. मा नभएको कार्य गरेको |
| जम्मा रु. | | | | ३६४१८७.०० | |

उपरोक्त अनुसार सम्झौता रकममा फरक नपरेतापनि कामको आवश्यकताको आधारमा लागत अनुमान तयार गर्नुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ३,६४,१८७ |

## १० हेभि इक्वीपमेन्टको प्रयोगः-

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतया डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई नगरपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :-

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | लागत अनुमान | नगरपालिकाको खर्च | सम्पन्न रकम रु. | डोजरको विल | मेशिन प्रयोगकर्ता को नाम |
|---|---|---|---|---|---|---|
| १९८, ०७९।११।२८ | गाउँदी बेलडाँडा अधुरो ट्र्याक निर्माण योजना उ.स. | २४७९८६.७३ | १९२१००.०० | २५०३८३.९३ | २२३०४८.०० | विजेन्द्र कन्स्ट्रक्सन एण्ड सफ्लायर्स प्रा.लि. |
| २२४, ०७९।१२।१२ | सिमलडाँडा मोटरमार्ग निर्माण योजना उ.स. | २४४०७९.९५ | १९४२९०.०० | २४४५४५.३२ | १९८४३२.०० | सावित्री कन्स्ट्रक्सन एण्ड सफ्लायर्स प्रा.लि. |
| २२९, ०७९।१२।१४ | वरनडाँडा मोटर मार्ग स्तरोन्नति योजना उ.स. | २६७३५१.८८ | २९२५००.०० | ३७०५२२.७९ | ३२९३०४.०० | जयरत्न कन्स्ट्रक्सन एण्ड सफ्लायर्स प्रा.लि. |
| २४४, ०७९।१२।१५ | धराही मोटरमार्ग मर्मत योजना | २४५७५०.८७ | १९३८२९.०० | २४४२७५.१६ | २१९९०७.७१ | गण्डकी कन्स्ट्रक्सन एण्ड सफ्लायर्स प्रा.लि. पोखरा |
| २७८, ०७९।१२।२५ | वचन डाँडा मार्ग स्तरोन्नति योजना | १५९८२६.६९ | १२६७५०.०० | १६००६०.८२ | १४२१५०.५६ | विजेन्द्र कन्स्ट्रक्सन एण्ड सफ्लायर्स प्रा.लि. |
| २८१, ०७९।१२।२५ | माझकोट माटरमार्ग स्तरोन्नति योजना | ९७७४६१.०० | ७८००००.०० | ९७९३६७.५० | ८७०१७२.९० | जयरत्न कन्स्ट्रक्सन एण्ड सफ्लायर्स प्रा.लि. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २९८, ०८०।०१।०७ | राहुदी देखि वडा कार्यालय सम्म अधुरो ट्र्याक निर्माण | ४८७९३१.०० | ३९००००.०० | ५०५६१९.०० | ४४९०७०.०० | जयरत्न कन्स्ट्रक्सन एण्ड सफ्लायर्स प्रा.लि. |
| ४७९, ०८०।०२।२६ | लोकतान्त्रिक मोटरमार्ग स्तरोन्नति योजना उ.स. | १२४९०७३.७९ | १११७७८९.०० | १३८७८११.०० | १११६४१२.०० | सि.सि. कन्स्ट्रक्सन प्रा.लि. |
| ५७४, ०८०।०३।१९ | हुक्का थानीको थान देखि वरको फेद सम्मको मार्ग स्तरोन्नति उ.स | | ३९४२५०.०० | ३३६६४५.०० | ३०६९४१.०० | विजेन्द्र कन्स्ट्रक्सन एण्ड सफ्लायर्स प्रा.लि. |

## ११ लागत अनुमान बमोजिम कार्य नगरेको अवस्थामा योजना सम्पन्नः-

सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम लागत अनुमान यथार्थपरक हुने गरी बनाइनुपर्ने र लागत अनुमन बमोजिमको कार्य सम्पन्न गरी तदनुसारको नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरि योजना सम्पन्न गर्नुपर्दछ। भौ.नं ४८८ मिति २०८०।२।३२ बाट गोका खोला सेमीडाँडा कुलो निर्माण योजना उपभोक्ता समितिको निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन र लागत अनुमानको अवस्था देहाय अनुसार छ । लागत अनुमन बमोजिम १२ वटा विभिन्न आइटममा काम गर्नुपर्नेमा ६ वटा आइटम काम गरि बाँकी ६ वटा आइटम काम नै नगरी लागत अनुमान को ५६.७२ प्रतिशत सम्मपन्न गरी योजना सम्पन्न गरेको छ ।लागत अनुमान तयार गर्दा स्थलगतको जाँच नगरेको, उपभोक्ता समितिसँग छलफल बेगर नै ल.ई तयार गरेको भन्नु पर्ने स्थिति देखिएको छ । तसर्थ ल.ई बमोजिमको कार्य नै नगरी सम्पन्न गर्दा योजना अधुरो समेत हुने देखिन्छ । अतः सुधार हुनुपर्दछ ।

| योजनाको नाम | कामको विवरण | इकाई | दर | लागत अनुमान परिमाण | रकम | सम्पन्न परिमाण | रकम | फरक रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| गोफा खोला कुलो निर्माण | माटो खन्ने | घ.मी. | ५५५.१७ | १२.२५ | ६८००.८३ | २.३१ | १२८२.४४ | ५५१८.३९ |
| | जगमा ढुङ्गा भर्ने | घ.मी. | ३४२२.२३ | १.३७ | ४०४१.७७ | १.१६ | ३४२२.२३ | ६१९.५४ |
| | सिमेन्ट कंक्रिट (१:२:४) | घ.मी. | २२४८७.०० | १.९० | १८७३९.९५ | २.२८ | २२४८७.०० | ३७४७.९९ |
| | डण्डिको काम | के.जी. | १९०४३.०० | १२८.९६ | १७३३५.९८ | १४१.६६ | १९०४३.०० | १७०७.२५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ढुङ्गाको गारोको काम (१:६) | घ.मी. | ५९७८८.४९ | ८.४० | ७९७१७.९८ | ६.३० | ५९७८८.४९ | १९९२९.४९ |
| सोमी डाँडा कुलो निर्माण | माटो खन्ने | घ.मी. | ०.०० | १.४० | ७७७.२४ | ०.०० | ०.०० | ७७७.२४ |
| | जगमा ढुङ्गा भर्ने | घ.मी. | ०.०० | ०.२३ | ६७८.५५ | ०.०० | ०.०० | ६७८.५५ |
| | सिमेन्ट कंक्रिट (१:२:४) | घ.मी. | ०.०० | ०.६० | ५९१७.८८ | ०.०० | ०.०० | ५९१७.८८ |
| | ढुङ्गाको गारोको काम (१:६) | घ.मी. | ०.०० | १.२० | ११३८८.२८ | ०.०० | ०.०० | ११३८८.०० |

## १२ फोहरमैला व्यवस्थापन;-

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## १३ सामुदायिक वनबाट आयः-

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी वार्षिक कार्य योजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम नगरपालिकाको संचितकोषमा जम्मा गर्नुपर्ने उल्लेख छ । निम्न बमोजिमका वन उपभोक्ता समूहले काठ, दाउरा विक्रि गरेबापत डिभिजन वन कार्यालय, तनहँबाट प्राप्त विवरण अनुसार रकम प्राप्त गरेकोमा १० प्रतिशतले हुने रकम रु. १,१६,३९८.०० सम्बन्धित स्थानिय तहको संचित कोषमा दाखिला नगरेको असूल गरी दाखिला गर्नुपर्ने रु.

| सि.नं | समुहको नाम | सकार रकम रु | १० प्रतिशतले हुने रकम रु. |
|---|---|---|---|
| १ | स्याखुर, भिमाद-१ | २७२३६०.०० | २७२३६.०० |
| २ | नवज्योती, भिमाद-१ | ५१८७८९.०० | ५१८७८.०० |
| ३ | शिवशक्ति, भिमाद-१ | ३७२८३५.०० | ३७२८३.०० |
| | जम्मा रु | ११६३९८४.०० | ११६३९८.०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१६,३९८ |

## १४ आय ठेक्कामा जरिवानाः-

ठेक्का नं ३।०७९।०८० झक्कास माथिल्लोघाटको १५३७३९.७ घनफिट नदिजन्य पदार्थ विक्री गर्न ठेक्का आह्वान हुँदा विजेन्द्र कन्स्ट्रक्सन एण्ड सफ्लायर्सले बुँदा अनुसार ठेक्का अंकलाई २ किस्तामा विभाजन गर्ने, प्रथम किस्ता ५० प्रतिशत नगद र दोस्रो किस्ता ५० प्रतिशत नगद र दोस्रो किस्ता ५० प्रतिशत परफरमेन्स वण्ड राख्नुपर्ने उल्लेख गरेता पनि नगद दाखिला रु.८०७५००.०० मात्र गरेकोले प्रथम किस्ताको रु. ९०,०००.०० घटि दाखिला गरेको सो रकम समेत दोस्रो किस्ताको परफरमेन्स वण्डमा उक्त कार्यालयबिच भएको सम्झौता बमोजिम २०७९ चैत्र मसान्त सम्म दाखिला गर्नुपर्नेमा नगरेकोले बोलपत्रको शर्त सम्बन्धी प्रावधान अनुसार निम्न बमोजिम दोस्रो किस्ताको रकम दाखिला गरेकोले ढिला गरि दाखिला गरेकोले दश प्रतिशतले रु. १३५७५.०० जरिवाना असूल गर्नुपर्नेमा नगरेकोले असूल गरी दाखिला गर्नुपर्ने रु.

| सि.नं | दाखिला रकम रु. | दाखिला मिति | ढिला दिन | जरिवाना रकम रु. |
|---|---|---|---|---|
| १ | ४३०,०००.०० | २०८०।०२।२१ | ५० दिन | ५८९१.०० |
| २ | ४६७,५००.०० | २०८०।०३।०१ | ६० दिन | ७६८५.०० |
| | जम्मा रु | | | १३५७५.०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,५७५ |

## १५ आय ठेक्का नलागेकोः-

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा पालिकाले आफ्नो क्षेत्र भित्रको वातावरणिय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणिय परीक्षणबाट तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, वालुवा, विक्रीवापत प्राप्त रकम पालिकाले संचितकोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुङ्गा, गिट्टी, वालुवा उत्खन्न संकलन, क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानिय तहले दोस्रो पक्षसँग ढुङ्गा, गिट्टि बालुवा, उत्खनन् ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम खोलाहरुको घाटहरुबाट मू.अ.कर समेत रु. १,८५,२४,०२७.५५ राजस्व संकलन गर्न सकिने देखिएकोमा पालिकाले यस क्षेत्रमा ठेक्का लगाई राजस्व संकलन गरेको देखिएन । २ पटक सम्म सूचना प्रकाशन गर्दा बोलपत्र नपरेको देखिन्छ । साथै पालिकाले अमानतबाट समेत राजस्व संकलन गर्ने तर्फ ध्यान दिएको छैन । तसर्थ ठेक्कापट्टा द्वारा नै राजस्व संकलन गर्नुपर्दछ । ठेक्का नलागेको अवस्थामा अमानतबाट समेत राजस्व संकलन गर्नुपर्दछ ।

| सि.नं | घाटको नाम | उत्खनन् हुने अधिकतम परिमाण (घ.फिट) | न्यूनतम रकम (मू.अ.कर र आयकर समेत) |
|---|---|---|---|
| १ | दब्ल्याङ्गघाट | १३६६१४.४० | १३२९६००.०० |

| | | | |
|---|---|---|---|
| २ | झक्कास तल्लोघाट | ३७६३६९.३० | ३३३९८१०.०० |
| ३ | बाँदरकुना तल्लोघाट | ३५५६४२२.३० | ३३३९१२५.०० |
| ४ | बाँदरकुना माथिल्लोघाट | २६३४४७.९० | २४७३५१५.०० |
| ५ | गेरुवा माथिल्लोघाट | ५७८१३०.६० | ५५२४३६५.०० |
| ६ | गेरुवा तल्लोघाट | १६७८१६.४० | २५१४६२५.०० |
| | जम्मा | १९७८०३१.३० | १८५२४०२७.५५ |

## १६ लघु उद्यम तालिमः-

लघु उद्दम सृजना गर्ने उद्देश्यले मुडा बनाउन मिति २०७९।११।११ देखि २०७९।११।१५ सम्म तालिम संचालन गर्दा उद्यम विकास सहजकर्ता भावना गौतमलाई रु १६१८७४ भुक्तानी गरेको । तालिममा मुडा बनाउन प्रयोग गरिने सामग्री रु २९७२४ को खरिद भएकोमा तालिमको क्रममा मुडा तयार भएपश्चात लागत मुल्यको २० प्रतिशित रकम लिई तालिम सहभागीलाई वितरण गरी प्राप्त रकम स्थानीय संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था विपरित रकम जम्मा नगरेको नपाइएकाले रकम जम्मा गर्ने कार्यमा पालिकाले ध्यान दिनुपर्न देखिन्छ ।

## १७ चिस्यान कक्ष सहितको तरकारी केन्द्रः-

*....(प्रारम्भिक प्रतिवेदन उपर मिति २०८१।१।२० मा निर्णय भई रु २९८९९५१ प्रमाण पेश भएकाले सम्परीक्षण मनासिव देखि फस्यौट गरिएको ।*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## १८ प्रधानमन्त्री रोजगार कार्यक्रम;-

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ४ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष ५३ जनालाई औसत ७५.६४ दिनले ४,००९ दिन रोजगारी उपलव्ध गराई रु २४,६९,५४४ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## १९ सुरक्षित नागरिक आवास कार्यक्रम :-

गो.भौ.नं. २९।२०८०।२।२ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत सुरक्षित नागरिक आवास कार्यक्रम संचालन गरेको देखिन्छ। उक्त कार्यक्रम कार्यान्वयनको लागि सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ अबलम्वन गरिनुपर्दछ। कार्यालयले उक्त कार्यक्रममा प्रथम किस्ता बापत रु.७०,२०,०००.०० खर्च गरेको देखियो । उक्त खर्च सम्वन्धमा निर्देशिका वमोजिम छनौट भएका लाभग्राहीसंग अनुदान सम्झौता गरी सम्बन्धित स्थानीय तहले लाभग्राहीको सूची बैंकलाई उपलव्ध गराउने र निर्देशिकाको बुँदा नं. ५(७) वमोजिम अनुदान उपलव्ध गराउँदा सम्बन्धित स्थानीय तहसंग सम्झौता भएपछि पहिलो किस्ता वापत ६० प्रतिशत उपलव्ध गराउने र काम सम्पन्न भै सकेपछि ४० प्रतिशत दोश्रो किस्ता उपलव्ध गराउनु पर्ने व्यवस्था छ।प्रथम किस्ताबाट जस्तापाता र काठ लगायतको सामाग्री खरिद गर्नुपर्ने व्यवस्था छ।उपदफा ८ वमोजिम पहिलो किस्ताको रकमबाट जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको स्थानीय तहको प्राविधिकबाट निर्देशिकाको अनुसुची ३ वमोजिम प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा सम्बन्धित स्थानीय तहबाट लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्तावापत ४० प्रतिशत अनुदान रकम उपलव्ध गराउने उल्लेख छ।नगरपालिकाले आ.व. २०७९।८० मा १५६ जना लाभग्राही छनौट गरी प्रथम किस्ता वापत रु. ७०,२०,०००.०० खर्च गरेको छ ।निर्देशिकाको दफा ६ वमोजिम अनुदान रकम सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेमा वा किस्ता वमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलव्ध गराइएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम सम्वन्धित स्थानीय तहले असूल उपर गर्नुपर्ने उल्लेख गरेको छ ।सुरक्षित नागरीक आवास कार्यान्वन कार्याविधी २०७५ को दफा ७ मा स्थानिय तहको प्राविधिकबाट सोही कार्याबिधिको अनुसुची ३ बमोजिम प्रतिवेदन पेश भइ स्थानिय तहले प्रमाणित गरेपछि निर्माण कार्य सम्पन्न भएको मानिने उल्लेख छ। आव ०७९।०८० मा प्रथम किस्ता प्राप्त गर्ने १५६ जना लाभग्राहिको अनुसुचि ३ बमोजिमको ढाँचामा प्रतिबेदन तयार एवं प्रमाणित गरि तोकिएको परिमाण र गुणस्तर भए नभएको नगरपालिकाले अनुगमन गरी लाभग्राहिको अभिलेख एवं प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | लाभग्राहीको नाम | वडा | कुल सम्झौता रकम | ६०% रकम | बैङ्कको नाम | खाता नं |
|---|---|---|---|---|---|---|
| १ | शिव बहादुर थापा | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | २१३०५३९०२५१२९७ |
| २ | पदम बहादुर क्षेत्री | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | २१३०५३९०२५१७०९ |
| ३ | खुमा देवी आले | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | १४३००५००६८९२७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | हेम बहादुर विश्वकर्मा | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | १४३००५००६८२७७ |
| ५ | दिपक नेपाली | भिमाद-1 | ७५००० | ४५००० | मुक्तिनाथ विकास बैक | ९२२३००१०८८१४२०००००० |
| ६ | विब माया भुजेल | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | २१३०५३९०२५१३६५ |
| ७ | रफिक बकरु मियाँ | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | २१३०५३९०२५१३९६ |
| ८ | मान बहादुर परियार | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | २१३५०८०००२०१०७ |
| ९ | गुरुदत्त विश्वकर्मा | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | २१३०५३९०२५१३७२ |
| १० | विस्ने सार्की | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | २१३०५३९०२५१२६६ |
| ११ | हिमलाल कामी | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | २१३०५३९०२५१४१९ |
| १२ | हिरा सिंह कामी | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | २१३०५३९०२५१६१७ |
| १३ | मनविर सार्की | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | २१३०५३९०२५१४५७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | सन्सर बहादुर गरन्जा | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | २१३०५३९०२५१५७० |
| १५ | कुल बहादुर सुनार | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | २१३०५३९०२५१६५५ |
| १६ | होमबहादुर विश्वकर्मा | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | २१३०५०८०००६०२६ |
| १७ | टुक बहादुर थापा | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | १४३००५००६९२८२ |
| १८ | हजिफ दिन मियाँ | भिमाद-1 | ७५००० | ४५००० | नेपाल इनभेष्टमेन्ट मेगा | २१३०५३९०२५१३५८ |
• कार्यालयले प्रत्येक ठेक्का वा अन्य निर्माण कार्यका लागि र सो बमोजिमको नापी किताव नियन्त्रण अभिलेख खाता तयार गरी राखु पर्नेमा यस कार्यालयले नापी किताव नियन्त्रण खाता म.ले.प. फारम नं ५१२ बमोजिम राखेको पाईएन ।

• प्रत्येक कार्यालयले म.ले.प. फारम बमोजिमको डोर हाजिर नियन्त्रण खाता तयार पारी राख्नुपर्ने प्रावधान रहेकोमा यस कार्यालयले डोर हाजिर नियन्त्रण किताव तयार नगरेको।

• नगरपालिकाले आफ्नो क्षेत्रमा संचालन तथा कार्यान्वयन हुने आयोजनाहरुको विश्लेषण गरी सम्भाब्य आयोजनाको आयोजना बैंक खडा गर्नुपर्ने देखियो ।

• दिगो विकास लक्ष्य (२०१५—२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्य एवम् उद्येश्यलाई स्थानीयकरण तथा आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्यलाई अगाडी बढाउनु पर्ने देखिन्छ ।

• सम्पुर्ण वडा कार्यालयमा रहेका मालसामान, जिन्सी सामाग्रीहरुको एकीकृत मुल जिन्सी खाता तयार गर्नुपर्ने देखियो ।

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ.टि.डि.एस आ.व.को समाप्ती पश्चात मात्रै गरेको पाइयो, यस कार्यलाई आगामी दिनमा सुधार गर्नुपर्ने देखियो ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगुको जाँच गरी रसिद तथा बिल भरपाईमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाडीनै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मुल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा जिल्ला दररेट प्राप्त भएपछि मात्रै तोक्ने गरेको पाइयो ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तथा कन्टिन्जेन्सी खाता राखेको पाइएन ।

• नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था रहेकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाइएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पत्र भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्त्रण गर्नुपर्नेमा सो कार्य नगरेको ।

• संस्था दर्ता ऐन २०३४ को दफा ३ बमोजिम पालिकाबाट संचालन भएका विभित्र योजना निर्माण कार्य सम्झौता गठन गरेको उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता कार्यको सुरुवात भएको कार्यलाई अझै व्यवस्थित र सञ्चालित योजनाको रेखदेख तथा अन्य जिम्मेवारीका पाटाहरुलाई व्यवस्थित बनाउदै लैजानु पर्ने देखिन्छ ।

• सञ्चालित योजनाको सूचना पाटिमा आय — व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश योजनाले पालना गरेको पाइएन ।

• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेको स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवम् कार्ययोजना तयार गरेको पाइएन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौंट गरी प्राथामिकिरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यावस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट विनियोजन गरिएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकता राखिनुपर्दछ ।

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद ४ मा स्थानीय तहले सम्बन्धित वडा कार्यालय मार्फत तोकिएको समयमा लाभग्राहीको विवरण अद्यावधिक गर्नुपर्ने हुन्छ ।

• नगरपालिका र मातहतका वाडा कार्यालयबाट सञ्चालन गरिने सिपमूलक, क्षमता अभिवृद्धि, आय आर्जन, सचेतनामूलक लगायतका तालिम, गोष्ठी सञ्चालन गर्दा नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृत कार्यसञ्चालन निर्देशिकाको आधारमा कुनै नर्म्स नबानाई प्रतिदिन प्रतिसेसन संख्या, प्रशिक्षण भत्ता, अनुगमन भत्ता, प्रतिवेदन भत्ता, प्रस्ताव लेखन भत्ता, संयोजन भत्ता, सहभागीलाई फरक फरक दरमा रकम भुक्तानी गरिएको देखिएको हुँदा यस प्रकारको कार्यमा एकरुपता कायम गर्न नगरपालिकाबाट कार्यक्रम संचालन सम्बन्धी नर्म्स अविलम्ब स्विकृत गरी कार्यान्वयन गर्नुपर्ने देखिएको ।

• एक आर्थिक वर्षको लागि कार्यालय तथा मातहतका कार्यालयमा आवश्यक पर्ने कार्यालय सामाग्री खरिदको लागि स्वीकृत वार्षिक खरिद योजना बमोजिम प्रचलित कानून बमोजिम खरिद प्रकृया गर्नुपर्नेमा कार्यालयको आवश्यकता बमोजिम पटक पटक कोटेशन मार्फत सामाग्री खरिद गरेको देखिएको हँदा खरिद योजनाको आधारमा एकमुष्ट खरिद कार्य गर्नुपर्ने देखिएको ।

आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरुमा पालिकाले आगामी दिनमा सुधार गर्नुपर्दछ ।

## ३८ बजेट निस्क्रियः-

प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) बाट थामडाँडा खानेपानी योजना, भिमाद ९ को लागी रु. ५० लाख बजेट व्यवस्था भएकोमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय तनहूँले पनि थामडाँडा खानेपानी योजना भिमाद-९ मा रु. ५० लाखको योजना परेकोले सो योजना नगरपालिकाले कार्यान्वयन गरेको छैन । एउटै योजनामा २ निकायबाट कार्यान्वयन गर्न बजेट व्यवस्था हुनु समन्वयको कमि भएकोले पालिकाले कार्यान्वयन गर्न नसक्दा बजेट निस्क्रिय हुन पुगेको अवस्था छ । तसर्थः बजेट तर्जुमा गर्दा समन्वय गरि बजेट प्रस्ताव गरिनुपर्दछ ।

## ३९ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन;–

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९२ ( स्वास्थ्य सेवा समेत) दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ६६ जना पदपुर्ती भएको तथा २७ जना रिक्त भएकोमा ८४ जना करार सेवा सहित कार्यरत भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

४० **बैङ्क हिसाब विवरण;-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले पेश गरेको विवरण अनुसार बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छः-

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४६७८०१५८.१६ | ४६४३९६९८.७३ | ३४०४५९.४३ |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | १७९९४४ | १७९९४४ | ० |
| विपद व्यवस्थापन खाता | ३०११५३.१३ | ३०११५३.१३ | ० |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | ० | ० | ० |
| धरौटी | ८९३८०५३.९९ | ८९३८०५३.९९ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| बैङ्क | | | ० |
| जम्मा | | | ३४०४५९.४३ |

## ४१ आय अनुमान;-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु १,६४,००,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु २,८६,८८,१२३.४९ अर्थात अनुमान भन्दा ७५ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान एंव आय प्रक्षेपण गर्दा न्यून प्रक्षेपण गरेको कारणले असूली बढी भए नभएको सम्बन्धमा ध्यान दिनुपर्ने र आम्दानीको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## ४२ कर तथा शुल्क असुली;-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १३२००००.०० | १०६२०१०.०० | ८०.४५ |
| घरजग्गा वहाल कर | १६२७०००.०० | २५६१९२३.०० | १५७.०० |
| व्यवसाय कर | ७०००००.०० | ६५२७७०.०० | ९३.०० |
| वहाल विरौटी शुल्क | ६५००००.०० | ३१९७४०.०० | ४९.१० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

## ४३ आवधिक योजना;-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको भएतापनि आवधिक योजनामा उल्लेखित योजनालाई पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

४४ **राजश्व अभिलेख;-**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

४५ **फरक हिसाब ;–**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस वर्षको प्राप्ति रु.१९,३५,३९,२७०।०९, यस वर्षको भुक्तानी रु.१८,४३,००,१०१ र बैङ्क मौज्दात रु ९२,३९,१६९।०९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६,५३,१८,७२०.०० | ५७,८२,७२,५७६।४५ | ५९,६८,११,१३८।६४ | ४,६७,८०,१५८।७३ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६,५३,१८,७२०.०० | ७७,१८,११,८४६।५४ | ७८,११,११,२३९।६४ | ५,६०,१९,३२७।८२ |
| फरक | ० | १९,३५,३९,२७०।०९ | १८,४३,००,१०१ | ९२,३९,१६९।०९ |

४६ **फरक जिम्मेवारी -**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ६,५३,१६,९२०.०० मौज्दात रहेकोमा यो वर्ष रु. ६,५३,१८,७२८.०० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १८००.०० बढी जिम्मेवारी सारेको देखिन्छ ।

४७ **वित्तीय प्रतिवेदन;-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको

ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः-

| सि नं | विवरण | आय तर्फ | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १ | **गत बर्षको जिम्मेवारी** | | | **चालु खर्च** | 376213219.64 | 376213219.64 |
| | क. नगद | | 65318720.92 | **पुँजिगत खर्च** | 220597919 | 220597919 |
| | ख. बैंक | 65318720.92 | | सामाजिक सुरक्षा खर्च | 158796540 | 158796540 |
| 2 | **राजश्व (आन्तरिक आय)** | | | एकिकृत पूर्वाधार विकास का. | 19854000 | 19854000 |
| | क.आन्तरिक राजश्व (आफ्नो मात्रै) | 28688123.49 | 129260592.11 | | | |
| | ख. राजश्व बाँडफाँड (संघिय सरकार) | 77895518.89 | | बित्तिय व्यवस्था भुक्तानी | | |
| | ग. राजश्व बाँडफाँड (प्रदेश सरकार) | 15989910.00 | | | | |
| | घ. राजश्व बाँडफाँड (स्थानिय सरकार) | 970612.00 | | लगानी | | |
| | ङ. घरजग्गा रजिष्ट्रेशन दस्तुर | 5716427.73 | | क. ऋण लगानी | | |
| ३ | **बित्तिय हस्तानान्तरण (संघ)** | | | ख. अन्य लगानी | | |
| | क. बित्तिय समानिकरण अनुदान | 118492500.00 | 428947609.34 | | | |
| | ख. शशर्त अनुदान | 293360002.34 | | फिर्ता खर्च | | |
| | ग. समपुरक अनुदान | 8223987.00 | | **धरौटी फिर्ता** | 1565375 | 1565375 |
| | घ. विशेष अनुदान | 8871120.00 | | | | |
| 4 | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | शशर्त अनुदान फिर्ता | | |
| | क. वित्तिय समानिकरण अनुदान | 12830375.00 | 20064375.00 | LGCDP को रकम | | |
| | ख. शशर्त अनुदान | 0.00 | | अर्थ बजेट | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ग. समपुरक अनुदान | 7234000.00 | | विपद व्यवस्थापन कोष खर्च | 4084186 | 4084186 |
| 5 | अर्थ बजेट | | | कोष खर्च | | |
| 6 | अन्तर स्थानिय तहबाट प्राप्त | | | | | |
| 7 | बित्तिय व्यवस्था प्राप्ती | | | क. नगद मौज्दात | | |
| | क. ऋण/साँवा/व्याज प्राप्ती | | | बैंक मौज्दात | | |
| | ख. अन्य प्राप्ती | | | क. संचित कोष खाता | 46780158.73 | 46780158.73 |
| 8 | जनसहभागिता रकम | | | ख. चालु खर्च खाता | | |
| 9 | विषयगत निकायबाट प्राप्त नगद | | | ग. पुँजिगत खर्च खाता | | |
| 10 | सामाजिक सुरक्षा | 158796540 | 158796540.00 | घ. धरौटी खाता | 8938053.96 | 8938053.96 |
| 11 | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 19854000 | 19854000.00 | ङ. विभाज्य कोष खाता | | |
| 12 | धरौटी आय | 10503428.96 | 10503428.96 | च. कर्मचारी कल्याण कोष | | |
| 13 | विपद व्यवस्थापन कोष | 4385301.13 | 4385301.13 | छ. विपद व्यवस्थापन कोष | 301115.13 | 301115.13 |
| 14 | जिल्ला समन्वय समिति | | | | | |
| 15 | कर्मचारी कल्याण कोष | | | साट्न बाँकी चेक | | |
| | | **837130567.46** | **837130567.46** | | **837130567.46** | **837130567.46** |

**(विस्तृत विवरण बेरूजु दफा ४७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ४८ राजस्व ढिला दाखिलाः-

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट बैंक कार्यालयवीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोहि वमोजिम गर्नुपर्ने व्यवस्था छ। साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिनसम्म ढिला गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना समेत गरी दाखिला गर्न लगाउने र सो भन्दा बढि ढिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ।पालिकाले प्राप्त गरेको राजस्व रकम प्राप्त भएको दिन वा त्यसको भोलिपल्ट नै बैंक दाखिला नगरी ढिला गरी दाखिला गर्ने

गरेको छ । कार्यालयवीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सो अनुसार हुनेमा सो को व्यवस्था गरेको छैन । तसर्थ पालिकाले प्राप्त राजस्व रकम ऐनमा भएको व्यवस्था बमोजिम समयमै दाखिला गर्नु गराउनुपर्दछ ।

## ४९ आन्तरिक आय;-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४९,४७,५४,७७९.३४ | २,८६,८८,१२३.०० | ५.८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.८० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ५० व्यवसाय कर;-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ६,५२,००० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैनन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## ५१ राजश्व बाँडफाँड;-

स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व बाँडफाँड गर्नुपर्नेमा सो रकम दाखिला गरेको पाइएको छ ।

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | १५६७६८६.०० | ४०.०० | ६२७०७४.०० | ०.०० |

## ५२ बजेट तथा कार्यक्रम तर्जुमाः-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ५३ बजेट सीमा निर्धारण समिति :-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ५४ बजेट पेश, पारित र अख्तियारी;–

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु ६६ करोड ३० लाख १६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।०९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।२३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ५५ त्रैमासिक पूँजीगत खर्चः-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु. हजारमा) | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | २२०५९८ | १३१३३ | ५२४७५ | १५४९९० | ५५६९२ |
| प्रतिशत | १०० | ५.९५ | २३.७४९ | ७०.२६ | २५.२४ |

यसरी आषाढ महिनामा मात्र रु ५५६९२ (२५.२४प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

### ५६ अवण्डा बजेटः—

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. १,५०,००,०००.०० अबण्डा बजेट व्यवस्था गरी ४४ योजनामा रु. १,०१,५३,५०२.०० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

### ५७ क्षेत्रगत बजेट र खर्चको स्थितिः-

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट (रु.हजारमा) | खर्च (रु.हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४१५९५ | २७४१५ | ४.५९ |
| २ | पूर्वाधार विकास | २००६८० | १५५८२८ | २६.१२ |
| ३ | सामाजिक विकास | ३५००२४ | ३१७९४७ | ५३.२७ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | १७२०३ | ११९५८ | २.०० |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ९९२३३ | ८३६६२ | १४.०२ |
| जम्मा | | ७०८७३५ | ५९६८१० | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५३.२७ प्रतिशत र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा सबै भन्दा घटी २.०० प्रतिशत रहेको छ

५८ **आर्थिक सहायता;-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा गरी आर्थिक सहायता वितरण गर्नुपर्दछ । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले कार्यविधि तयार गरी विभिन्न ३६ संघसंस्था र व्यक्तिहरुलाई रु ३,५२,००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु २,८६,८८,१२४.९० को १.२३ प्रतिशत हुन आउँछ । आन्तरिक आय वृद्धि गर्न तर्फ जोड दिई विकास निर्माण तथा रोजगारी सिर्जना गर्ने कार्यमा जोड दिई यस्ता प्रकृतिका वितरण कार्यमा नियन्त्रण हुनु पर्दछ ।

५९ **आन्तरिक नियन्त्रण प्रणाली;-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

• पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची २ को ढाँचा बमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको

• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

६० **कानून र सञ्चालन स्थिति;–**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ वटा ऐन, ११ वटा नियमावली, ३६ कार्यविधि निर्देशिका २ वटा, मापदण्द १ वटा, आचासँहिता १ समेत ४० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

६१ **न्यायिक समिति;–**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो वर्ष थप भएको १८ गरी कुल २८ विवाद दर्ता भएकोमा २० वटा फस्र्यौट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

६२ **खर्च बिश्लेषणः-**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु २,८६,८८,१२३.४९, राजस्व बाँडफाँड र अनुदानबाट रु ५४,९५,८४,४५२.२६ समेत रु ५७,८२,७२,५७६.४५ आम्दानी भएकोमा चालु तर्फ रु ३७,६२,१३,२१९.६४ र पूँजिगत तर्फ रु २२,०५,९७,९२९ समेत रु ५९,६८,११,१३८.६४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.८० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु १,२१,५२,५५० खर्च भएको छ जुन आन्तरिक आयको ४२.३६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.४५ प्रतिशत चालु र ४०.१४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

६३ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

६४ **जिन्सी निरीक्षण;-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा लिलाम विक्री लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

६५ **म्याद ननाघेको पेश्की;-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वडा नं ८ को कार्यालय भवन निर्माणको लागि गणपति कन्स्क्ट्रसनलाई मोविलाइजोशन वापत दिएको म्याद ननाघेको पेश्की रु. ११,६०,०००.०० बाँकी रहेको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

६६ **सार्वजनिक परीक्षण;-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : भिमाद नगरपालिका, तनहुँ , भिमाद नगरपालिका , तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मोहन प्रसाद मरासिनी | २०८०-६-११ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Tek Nath Dahal | २०७८-११-११ | २०८०-६-११ |
| लेखा प्रमुख | श्री अर्जुन प्रसाद पौडेल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३०५,८२३ | ३,०९४,२६२ | १२,०२६,६६६.०४ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १५,४२६,७५१.०४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३,४७९,००२ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ११,९४७,७४९.०४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६५३१८७२० | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४२८९४७६०९ | **चालु खर्च** | ३७६२१३२१९ |
| **प्रदेश सरकारबाट अनुदान** | २००६४३७५ | **पूँजीगत खर्च** | २२०५९७९१९ |
| **राजश्व बाँडफाँट** | १००५७२४६९ | **वित्तीय/अन्य व्यवस्था** | १७७१२७६७१ |
| **आन्तरिक आय** | २८३८७००९ | | |
| **अन्य आय** | १७७४२८७८५ | | |
| **कुल आय** | ७५५४००२४७ | **कुल खर्च** | ७७३९३८८०९ |
| **बाँकी मौज्दात** | | ४६७८०१५८ | |

**बेरूजु दफा ४७ सँग सम्बन्धित विवरण - अनुसूची -२**

| प्राप्ती भुक्तानी हिसाव | | | |
|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | गतवर्ष रु. |

| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **प्राप्ती (क+ख)** | | ७२,८०,७८,७०६.२५ | ६०,३७,०६,३६५.०४ | | ६०,३७,०६,३६५.०४ | ५४,०६,४७,२१७.४१ | | ५४,०६,४७,२१७.४१ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ७०,८७,३५,०००.०० | ५७,८२,७२,५७६.४५ | ० | ५७,८२,७२,५७६.४५ | ५३,७९,२१,७२५.४१ | ० | ५३,७९,२१,७२५.४१ |
| ११००० कर | ११ | १२,९८,४३,५००.०० | १०,५२,१६,५१५.७२ | ० | १०,५२,१६,५१५.७२ | ११,११,५५,११५.६६ | ० | ११,११,५५,११५.६६ |
| १३००० अनुदान | | ५०,२५,८२,०००.०० | ४४,९०,११,९८४.३४ | ० | ४४,९०,११,९८४.३४ | ४०,२८,५६,८३१.०० | ० | ४०,२८,५६,८३१.०० |
| संघीय सरकार | १२ | ४७,२९,१९,०००.०० | ४२,८९,४७,६०९.३४ | ० | ४२,८९,४७,६०९.३४ | ३८,४६,९२,८७४.०० | ० | ३८,४६,९२,८७४.०० |
| प्रदेश सरकार | १२ | २,९६,६३,०००.०० | २,००,६४,३७५.०० | ० | २,००,६४,३७५.०० | १,८१,६३,९५७.०० | ० | १,८१,६३,९५७.०० |
| १४००० अन्य राजस्व | | १,५६,३४,५००.०० | २,४०,४४,०७६.३९ | ० | २,४०,४४,०७६.३९ | २,३९,०९,७७८.७५ | ० | २,३९,०९,७७८.७५ |
| ३२००० वित्तीय सम्पत्ति | | ६,०६,७५,०००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,९३,४३,७०६.२५ | २,५४,३३,७८८.५९ | | २,५४,३३,७८८.५९ | २७,२५,४९२.०० | | २७,२५,४९२.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,९३,४३,७०६.२५ | २,०१,२८,७१८.६३ | ० | २,०१,२८,७१८.६३ | ० | ० | ० |
| धरौटी | | ० | ५३,०५,०६९.९६ | ० | ५३,०५,०६९.९६ | २७,२५,४९२.०० | ० | २७,२५,४९२.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७२,८०,७८,७०६.२५ | ६१,३७,२४,४६१.८९ | | ६१,३७,२४,४६१.८९ | ५७,११,३८,३६८.१६ | | ५७,११,३८,३६८.१६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७०,८७,३५,०००.०० | ५९,६८,११,१३८.६४ | | ५९,६८,११,१३८.६४ | ५५,०२,७४,९२३.०० | | ५५,०२,७४,९२३.०० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २३,७१,५९,४००.०० | २२,६२,१९,४६२.६४ | ० | २२,६२,१९,४६२.६४ | १९,०५,५१,२९३.०० | ० | १९,०५,५१,२९३.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १८,३६,०८,६००.०० | १४,५०,९९,७२०.०० | ० | १४,५०,९९,७२०.०० | १३,७३,३३,२७९.०० | ० | १३,७३,३३,२७९.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ४५,५०,०००.०० | ३५,५०,२९१.०० | ० | ३५,५०,२९१.०० | १,०१,४०,६४८.०० | ० | १,०१,४०,६४८.०० |
| २८००० अन्य खर्च | १८ | १५,५०,०००.०० | १३,४३,७४६.०० | ० | १३,४३,७४६.०० | १२,६५,३२४.०० | ० | १२,६५,३२४.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २८,१८,६७,०००.०० | २२,०५,९७,९१९.०० | ० | २२,०५,९७,९१९.०० | २१,०९,८४,३७९.०० | ० | २१,०९,८४,३७९.०० |
| घ. अन्य भूक्तानी | | १,९३,४३,७०६.२५ | १,६९,१३,३२३.२५ | | १,६९,१३,३२३.२५ | ५७,११,३८,३६८.१६ | | ५७,११,३८,३६८.१६ |
| कोषहरु | | १,९३,४३,७०६.२५ | १,५३,४७,९४८.२५ | ० | १,५३,४७,९४८.२५ | १,९३,१९,७२६.१६ | ० | १,९३,१९,७२६.१६ |
| धरौटी | | ० | १५,६५,३७५.०० | ० | १५,६५,३७५.०० | १५,४३,७१९.०० | ० | १५,४३,७१९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ङ. यो वर्षको बचत (न्युन) | | | (१,००,१८,०९६.८५) | | (१,००,१८,०९६.८५) | (३,०४,९१,१५०.७५) | | (३,०४,९१,१५०.७५) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | **७,०५,१७,०७९.९२** | | ७,०५,१७,०७९.९२ | १०,२८,९१,८९५.८० | | १०,२८,९१,८९५.८० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ६,०४,९८,९८३.०७ | | ६,०४,९८,९८३.०७ | ७,२४,००,७४५.०५ | | ७,२४,००,७४५.०५ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ५,८१,९९,२७१.८२ | | ५,८१,९९,२७१.८२ | ७,२४,०२,५४५.०५ | | **७,२४,०२,५४५.०५** |